... बिहिबारको दिन जिल्लामा को
कोभिड-१९ रोकथाम, नियन्त्रण र व्यवस्थापनसँग सम्बन्धित भई प्रमुख जिल्ला
अधिकारी श्री सुरेन्द्र पौडेल ज्यूको अध्यक्षतामा स्थानीय तहका ...
राजनीतिक दलका प्रतिनिधि लगायत तपसिल बमोजिमको उपस्थिति
एवं CCMC-OPS को संयुक्त समन्वय बैठक सम्पन्न गरियो।

उपस्थिति:

- श्री सुरेन्द्र पौडेल, प्रमुख जिल्ला अधिकारी
- श्री राजनराज पन्त, प्रमुख, गोरखा नगरपालिका
- श्री ई. हीरबु बाबु खड्का, प्रमुख, पालुङटार नगरपालिका
- श्री रमेश बाबु थापा मगर, अध्यक्ष, शहिद लखन गाउँपालिका
- श्री होम बहादुर राना मगर, अध्यक्ष, गण्डकी गाउँपालिका
- श्री विष्णु भट्ट, अध्यक्ष, बारपाक सुलिकोट गाउँपालिका
- श्री पूर्ण बहादुर ढकाल, अध्यक्ष, आरुघाट गाउँपालिका
- श्री सन्तोष गुरुङ, अध्यक्ष, धार्चे गाउँपालिका, अध्यक्ष
- श्री अनिरुद्ध प्रसाद घिताल, अध्यक्ष, अजिरकोट गाउँपालिका
- श्री ईश्वर पाण्डे, अध्यक्ष भिमसेन थापा गाउँपालिका
- श्री राम गुरुङ, अध्यक्ष सिरानचोक गाउँपालिका
- श्री धन बहादुर गुरुङ, अध्यक्ष चुमनुव्री गाउँपालिका
- श्री राधिका अधिकारी, उपप्रमुख, जिल्ला समन्वय समिति
- श्री फुलमायाँ गुरुङ, उपाध्यक्ष, धार्चे गाउँपालिका
- श्री उज्वल के.सी., प्रमुख सेनानी, रणसिंह दल, गण
- श्री ~~...~~ ओम प्रसाद अधिकारी, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय
- श्री पप्पु शर्मा पौडेल, उप.अ.नि. राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
- श्री गुणराज न्यौपाने, स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल नं. २९ गुल्म
- श्री जीवनज्योति श्रेष्ठ, अध्यक्ष, उद्योग वाणिज्य संघ, गोरखा
- श्री भाइचन्द्र श्रेष्ठ, अध्यक्ष चेम्बर अफ कमर्स, गोरखा
- श्री हर्क बहादुर रोका प्रशासकीय अधिकृत
- श्री विधा नापाङ, नि.का.प्र. स्वास्थ्य कार्यालय, गोरखा
- श्री नविन थापा, नि.मे.सु. गोरखा अस्पताल, गोरखा

विशेष उपस्थिति:

- श्री कृष्ण घिताल, इन्चार्ज, नेपाल कम्युनिष्ट पार्टी (नेकपा), ...
- श्री हरि घले, सभापति, नेपाली कांग्रेस, गोरखा
- श्री नारायण खड्का, अध्यक्ष, जनता समाजवादी पार्टी, गोरखा
- श्री नारायणदत्त शर्मा प्र०जि०नि०
- माल प्रसाद घिमिरे जि.स.स. गोरखा

छलफलका निर्णयहरु:

निर्णय नं. १

कोरोना भाइरस **Covid-19** को संभावित संक्रमणको जोखिम न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा जिल्ला भित्र भए गरेका क्रियाकलापहरुको समिक्षाका साथै यस भन्दा अगाडीका बैठकको निर्णयहरु कार्यान्वयनको समेत समिक्षा गरियो।

निर्णय नं.२

जिल्ला भित्रका महत्वपूर्ण पाँच स्थान आरुघाट, घ्याल्चोक, मझुवा देउराली क्षेत्र, नयाँ पुल र तुरतुरेमा भएका Mass Quarantine लाई थप व्यवस्थित गरी क्षमता विस्तार गर्ने र भारतमा अलपत्र परेका जिल्लावासी तथा जिल्ला वाहिर रहेका स्थानीयवासी एवं निजहरुको आफन्त औपचारिक तथा अनौपचारिक माध्यम प्रयोग गरी जिल्लाभित्र आएमा व्यक्तिगत रुपमा आएका हकमा जिल्ला प्रवेश गर्ने नाकामै नाका रहेको सम्बन्धित पालिकाले क्वारेन्टाइनमा राखी Covid-19 परीक्षण गरी परिक्षणको नतिजाको आधारमा निजको स्थायी घर ठेगाना भएको पालिकासंग आवश्यक समन्वय गरी जिम्मा बुझाउने, समूहगत रुपमा आउनेका हकमा सम्बन्धित पालिकाकै क्वारेन्टाइनमा राखी Covid-19 परीक्षण गरी प्रत्येक व्यक्तिलाई १४ दिने क्वारेन्टाइनमा राख्ने र यस क्रममा खाना लगायत व्यवस्थापनमा लागेको खर्च सम्बन्धित पालिकाले व्यवस्थापन गर्ने र धार्चे र चुमनुब्री गाउँपालिकामा व्यवस्थित क्वारेन्टाइन नभएको हुदाँ तत्काल निर्माण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ३

गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको चलानी नम्बर ३८८१, मिति २०७७।०२।०७ गतेको पत्रबाट देहाय अनुसार गर्नु गराउनु हुन भनि लेखि आएकोले सो बमोजिम गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

देहाय:

१) कोभिड -१९ को संक्रमणको जोखिमबाट नागरिकको जीवन रक्षा गर्नको लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी(Lockdown) को आदेशलाई पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सवै सुरक्षा निकायले आ- आफ्नो तर्फबाट तोकिएको जिम्मेवारी पुरा गर्ने।

२) वर्तमान कठिन समयमा विभिन्न व्यक्तिहरुबाट स्वास्थ्य सुरक्षा सतर्कताको नाम स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई घरबाट निकाल्ने खोज्ने, गैरकानूनी चेकजाँच गर्ने, आवागमनमा अवरोध गर्ने, दुर्व्यवहार गर्ने,कानून विपरितका कार्यहरु गरी मनोवल गिराउन खोज्ने, टोल टोलमा प्रवेश निषेध गर्ने जस्ता अमानवीय कार्यहरु हुने गरेको देखिएकोले यस्ता अवान्छित क्रियाकलापहरु नियन्त्रण गर्ने र आवश्यक परेमा नियन्त्रणमा लिई कानुन बमोजिम कार्वाही गर्ने।

३) कोभिड-१९ को जोखिमबाट बच्नको लागि काठमाण्डौ उपत्यकाको प्रवेशमा केही कडाई गरिएको मौका एम्बवुलेन्सको दुरुपयोग गरी विना काम यात्रुहरुको आवागमन हुने गरेको सूचनाहरु प्राप्त भएकोले एम्वुलेन्सको प्रस्थान विन्दु देखि गन्तव्य स्थलसम्मका सवै विन्दुमा चेकजाँच कडा गरी विरामी र कुरुवा बाहेक अन्य यात्रुको आवागमन रोक्ने ।

४) काठमाण्डौं उपत्यकाभित्र क्वारेन्टाइन व्यवस्थापन गर्ने सम्बन्धमा काठमाडौ उपत्यकाका ३ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले होटल, पार्टी प्यालेस, विद्यालय, कलेज, विश्व विद्यालय, सामुदायकिक भवनहरु आदिको लगत संकलन गरी तयारी अवस्थामा राख्ने ।

निर्णय नं. ४

देशको विभिन्न भागबाट लुकी छिपि जिल्लाका विभिन्न झलुंगे पुल हुदैं भित्रने स्थानीयवासीहरुलाई सम्वन्धित स्थानिय प्रहरीको सहयोगमा वडा समितिले निजको स्थायी वासस्थान भएको पालिकासंग समन्वय गरी जिम्मा लगाउने र सो पालिकाले सुरक्षित रुपमा क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ५

अति आवश्यक अवस्थाका लागि औषधि एवं उपकरण, खाद्यन्न, ग्यास, इन्धन, तरकारी,पशुपन्छिका दाना,कृषि सामग्री, मल वीउवीजन, दुग्ध पदार्थ, निर्माणजन्य सामग्रीहरु जिल्लाअन्तर र जिल्लाभित्र तपशिल बमोजिमका शर्तहरु पुरा गर्ने गरी ढुवानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

| विवरण | ढुवानीको क्रममा सवारी साधनमा राख्नुपर्ने कागजात | ढुवानी गर्ने समय | कैफियत |
|---|---|---|---|
| खाद्यन्न जन्य सामग्री ग्यास,इन्धन दुग्ध जन्य पदार्थ, तरकारी ढुवानी | उद्योग बाणिज्य संघ/चेम्वर्स अफ कमर्सको सिफारिस,सम्वन्धित पालिकाको सिफारिस, सम्बन्धित ढुवानी विषयको तुल, व्यानर, सवारी साधनको कागजात, १/१ चालक र सहचालक गरी जम्मा २ जना सवार हुनुपर्ने र सुरक्षाको मापदण्ड पूर्ण पालना गर्नुपर्ने | विहान ६:०० देखि विहान १०:०० बजेसम्म | तरकारीको हकमा जिल्लान्तर ढुवानी रोक्ने |
| अत्यावश्यक प्रयोजनको लागि निर्माण सामग्री ढुवानी | सम्बन्धित कार्यालयको सिफारिस, पालिकाको सिफारिस, सम्बन्धित ढुवानी विषयको तुल, व्यानर, सवारी साधनको कागजात, १/१ चालक र सहचालक गरी जम्मा २ जना सवार हुनुपर्ने र सुरक्षाको मापदण्ड पूर्ण पालना गर्नुपर्ने | | |
| रासायनिक मल,कृषि विउ विजन र कृषि जन्य सामग्री | कृषि ज्ञान केन्द्र र पालिका स्तरको सिफारिस, सम्बन्धित ढुवानी विषयको तुल, व्यानर, सवारी साधनको कागजात, १/१ चालक र सहचालक गरी जम्मा २ जना सवार हुनुपर्ने र सुरक्षाको मापदण्ड पूर्ण पालना गर्नुपर्ने | | |

| | | | |
|---|---|---|---|
| कुखुराको दाना, चल्ला, माछामासु | भेटनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको सिफारिस, पालिका स्तरको सिफारिस, सम्बन्धित ढुवानी विषयको तुल, ब्यानर, सवारी साधनको कागजात, १/१ चालक र सहचालक गरी जम्मा २ जना सवार हुनुपर्ने र सुरक्षाको मापदण्ड पूर्ण पालना गर्नुपर्ने | | |
| अत्यावश्यक औषधि ढुवानी | पालिकाको सिफारिस, मेडिकल, स्वास्थ्य संस्था दर्ताको सम्पूर्ण कागजात, सम्बन्धित ढुवानी विषयको तुल, ब्यानर, सवारी साधनको कागजात, एक जना स्वास्थ्य कर्मी | विहान ६:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मात्र | |

निर्णय नं.६

यस जिल्लाका कुल जनसंख्याको ६०% जनता कृषिमा आधारित रहेको, ३६००० घरधुरीका जनता कृषि पेशामा आवद्ध रहेको, ५५, ६९६ हेक्टर जमिन खेति योग्य रहेकोमा कृषि सामग्री कम्पनीको विक्री केन्द्र यस जिल्लामा नहुदाँ रासायनिक मलको आपूर्तिमा कमि भई उत्पादनमा गम्भिर असर परेको हुदाँ आउँदा दिनमा हुनसक्ने खाद्य संकट समाधान गर्न उत्पादन बढाउन गुणस्तरीय मलको आपूर्तिको सुनिश्चितताको लागि जिल्लामा कृषि सामग्री कम्पनीको शाखा खोली विक्री केन्द्र स्थापना गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गरी गण्डकी प्रदेश सरकारलाई आवश्यक पहल गरि दिनु हुन समेत अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सहकारी, सार्वजनिक, नम्बरी आवादी जग्गा एवं सामुदायिक बनका रुख हटाउने सम्वन्धमा वनसंग सम्बन्धित प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरी स्वास्थ्य र सुरक्षाका मापदण्डको पूर्ण पालना गरि जेष्ठ मसान्त सम्मको संकलन गर्ने व्यवस्था गर्न डिभिजन वन कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो

निर्णय नं. ८

कोरोना भाइरस Covid-19 को रोकथाम,नियन्त्रण र व्यवथापनका लागि कोरोना भाइरस(Covid-19) सम्वन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ मा व्यवस्था भए बमोजिम जिल्ला सुरक्षा समितिबाट निर्णय गरी जिल्लाको प्रमुख नाका मझुवा देउरालीमा स्थापित हेल्थ डेस्क र गोरखा नगरपालिका स्थित मनकामना बहिरा माद्यामिक विद्यालयमा स्थापित क्वारेन्टाइनहरुको सुरक्षा लगायतको व्यवस्थापनका लागि नेपाली सेनालाई जिम्मा दिएको हुदाँ आवश्यकतानुसार अन्य क्षेत्रमा समेत नेपाली सेना खटाउने निर्णय गरियो ।

निर्णय नं. ९

जिल्ला भित्र रहेको सवै पालिकामा रहेको Mass Quarantine हरुलाई सुरक्षा निकायको नजिकमा रहेको उपयुक्त स्थानमा स्थानान्तरण गरी मापदण्ड बमोजिम थप व्यवस्थित गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १०

कोरोना रोकथाम नियन्त्रण एवं व्यवस्थापन र क्वारेन्टाइनको व्यवस्थापनका लागि जिल्लाका स्थानीय तहका प्रत्येक वडामा रहेका राजनीतिक दलका कार्यकर्ता एवं टोल विकास संस्थाका सदस्यहरु परिचालन गरी कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ११

कृषि उत्पादनका लागि अति आवश्यक पर्ने मल, विउ, विजन लगायतको आपूर्तिका लागि यस अघि भएका निर्णय कार्यान्वयन गर्दै शिघ्र आपूर्तिका लागि सम्बन्धित निकायमा पून : अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

गोरखा अस्पतालमा Covid-19 टेस्ट गर्ने ल्याब स्थापना तथा ल्याव टेक्निसियनलाई तत्काल तालिमका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय एवं गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

जिल्ला भित्र रहेका विद्यालयमा कार्यरत शिक्षकहरुलाई आफ्ना क्षेत्र भित्रका विद्यार्थीहरुलाई अनौपचारिक माध्यमबाट लकडाउनको आदेशको पालना गर्दै नैतिक शिक्षा समेतको व्यवस्था र नियन्त्रण गर्ने व्यवस्था सम्वन्धित स्थानीय तहले मिलाउने निर्णय गरियो ।

निर्णय नं.१४

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।०२।०४ को निर्णय बमोजिम जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र पाठ्यक्रम विकास केन्द्रबाट अनुमति लिएका निजी क्षेत्रका प्रकाशन संस्थाबाट प्रकाशित विद्यालय तहका पुस्तकहरुको ढुवानीको साधन आवागमन गर्न पाउने निर्णय भएकोले सो अनुसारको गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १५

जिल्लामा संचालित कोरोना मैत्री एम्बुलेन्सहरु मध्ये प्रत्येक दिन दुई वटा एम्बुलेन्स जिल्ला प्रहरी कार्यालय गोरखामा २४ से घण्टा Stand by राख्ने यस अघिको निर्णय कडाइको साथ कार्यान्वयन गर्ने निर्णय गरियो

निर्णय नं. १६

जिल्लाको हालसम्मको शान्ति सुरक्षा एवं स्वास्थ्य स्थितिको अवस्थाको समिक्षा गरी जिल्लाको समग्र शान्ति सुरक्षा र स्वास्थ्य स्थिति अवस्था सामान्य रहेको निष्कर्ष निकालियो ।